## १० औ मानव अधिकार राष्ट्रिय महाभेलाको समापन सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले दिनुभएको मन्तव्य

***यस समापन कार्यक्रमका अध्यक्ष तथा मञ्चमा आशिन मानव अधिकारकर्मी मित्रहरु, आमन्त्रित विशिष्ट अतिथिज्यूहरु, महामहिम राजदूत***

यस वर्ष हामीले दशौं मानव अधिकार राष्ट्रिय महाभेला मंसिर २२ देखि आरम्भ गरी आज २८ मंसिरमा सम्पन्न गर्न सफल भएका छौं । सप्ताह व्यापी रुपमा यस महाभेलालाई सम्पन्न गर्नमा सहयोग गर्नुहुने सम्पूर्ण मानव अधिकारकर्मी मित्रहरुलाई म धन्यवाद दिन चाहन्छु ।

हामीले मानव अधिकार राष्ट्रिय महाभेला आयोजना गरिएको उद्देश्य र लक्ष्यलाई मध्ये नजर गरी आगामी दिनहरुमा पनि सफल गर्नको निम्ति यसरी नै सबैले साथ दिनुहुनेछ भन्ने मैले आशा लिएको छु । सवै समुदाय र सवै बर्गका नागरिकहरु समेत सचेत हुने गरी घर घरमा मानव अधिकार सुनिश्चित गर्ने आयोगको लक्ष्य प्राप्ति गर्न यस्ता महाभेलाहरुको समीक्षा गर्दै आगामी महाभेलालाई अझै बृहत र व्यापक रुपमा मनाउँदै लैजानुपर्दछ ।

महाभेला किन गर्छौं कर्मकाण्ड हो ? हामी नेवार समुदायको गाईजात्रा, योमरी पुन्ही, थारुसमुदायको माघि, राईको सकेवा, धान नाच मनाउँछौ यसले अस्तित्व र साँस्कृतिक चिनाउछ । त्यसरी नै महाभेलाले मानव अधिकारलाई हाम्रो लडाईलाई, हाम्रो दुःखलाई, वाधा र यसका अवधारणलाई स्थापित गरिरहन्छ । पहिलो दिन भन्दा आज समापनमा कम उपस्थिति रहेको छ तर म निराश छैन । हुलले मात्र विचारको स्थापना हुँदैन जति उपस्थिति छ मानव अधिकारको क्षेत्रमा अविरल, अचल, अटल योद्धा हो भन्ने स्थापना गर्दछ । जस्तो परिस्थितिमा पनि अटल रहने व्यक्तित्व हो । म उपस्थित सवैलाई सलाम, नमस्ते गर्छु ।

कतिपय सिफारिस, माग गरेको पुऱ्याउने मानव अधिकारको रक्षक सरकार नै हो, पालक पनि तर सरकारले अधिकारकर्मीलाई समानान्तर राज्य चलाएको आरोप लगाउँछ र राज्यको अभिभावकत्वको भूमिका अनावश्यक संरक्षण बादमा परिणत भएको छ । म के सोच्छु के लाउँछु के पढ्छु के विचार व्यक्त गर्छु मेरो स्वतन्त्रता हो राज्यले त्यसको अंकुश लगाउन मिल्दैन तर राज्यको चरित्र त्यसलाई मान्दैन । मानव अधिकार कर्मीहरु हुलबाट प्रभावित हुँदैन । विचारबाट प्रभावित हुन सक्छ । अधिकारकर्मीहरु एक्लै भए पनि आफ्नो लडाई लड्न गाह्रो छ सत्यको लागि बृहस्पति एक्लो हुन्छ । रविन्द्र नाथ टैगोरले भनेका छन एकला चलो रे । यो देशमा मर्न बरु सजिलो छ बाँच्न गाह्रो छ त्यसैले त भूपि शेरचनले भनेका छन् ए मरेर जाने शहिदहरु बाँचेर त हेर बाँच्न झन गाह्रो छ ।

७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा, काठमाडौं लगायत देशव्यापी रुपमा प्रादेशिक कार्यक्रमहरु आयोजना गरी विभिन्न विषयहरुमा छलफल, परामर्श तथा टिप्पणी र सुझावहरु सवै सरोकारवालाहरुलाई दिँदै सम्पन्न भैरहेको खवरहरुले भोलिका दिनमा मानव अधिकारलाई केन्द्रमा राखी

सवै तहका सरकारहरु र सरोकारवालाहरुले कार्ययोजना तय गरी काम कारवाही गर्नु हुने छ भन्ने मैले विश्वास लिएको छु । सप्ताह व्यापी महाभेलाको सन्दर्भमा काठमाडौमा ३ दिन सम्म विभिन्न विषयहरुमा केन्द्रित रहि कार्यपत्र प्रस्तुती, टिप्पणी र छलफल कार्यक्रमहरु समेत भएका थिए । मलाई विश्वास छ, यस महाभेलाको ठोस निष्कर्ष सहितको प्रतिवेदनमा सम्पूर्ण विषयहरु समावेश हुने नै छन् ।

यस्ता महाभेला र छलफलले मानव अधिकारका मूलभूत विषयहरुलाई प्रवर्द्धन गर्न र राज्यको दायित्वलाई उजागर गर्न विशेष भूमिका खेलेको हुन्छ । आयोगले तय गरेको ***घर घरमा मानव अधिकार विकास र शान्तिको आधार*** भन्ने नारालाई निश्चयनै घर घरमा पुऱ्याउनको लागि मद्दत मिल्ने छ भन्ने मैले अपेक्षा लिएको छु । राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक र कानूनी कार्यादेश बमोजिम मानव अधिकार संरक्षण र सम्बर्धन र सुनिश्चित गर्ने दायित्वलाई पूरा गर्ने कार्यमा यहाँहरु सवैले पुऱ्याउनु भएको योगदानको लागि म धन्यवाद दिन चाहन्छु । देशको मानव अधिकार अवस्थामा रहेका समस्या र चुनौतीहरुको समाधान गर्नको लागि समेत आगामी दिनमा पनि सदैव सक्रिय रुपमा आयोगलाई साथ दिनु हुने नै छ ।

यस दशौ महाभेला संयोजन गर्ने अवसरलाई Youth Advocacy Nepal, पौरखी नेपाल र फातिमा फाउन्डेसनको सह संयोजन सहितको समुहले सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा म हार्दिक बधाई दिन चाहन्छु । मानव अधिकारको सचेतना घर घरमा पुऱ्याउनेमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देशका कर्मठ, उर्जाशील समुहको नेतृत्व गर्ने संस्थाले यस पटकको महाभेला सम्पन्न गर्ने जिम्मेवारी लिई सम्पूर्ण संघ संस्था, नागरिक समाज तथा मानव अधिकारकर्मीहरुको समन्वय र सहकार्यमा सम्पन्न गर्नु भएकोमा खुशी लागेको छ । आगामी दिनहरुमा पनि यसरी नै मानव अधिकार महाभेलालाई निरन्तरताका लागि सक्रिय रुपमा साथ दिनुहुने नै छ भन्ने मैलै विश्वास लिएको छु ।

यस महाभेलालाई सम्पन्न गर्नमा सहयोग गर्नुहुने राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यहरु, सचिव तथा कर्मचारी मित्रहरु, नेतृत्व लिनुभएको संस्थाहरु र सहयोग गर्नुहुने सम्पूर्ण मानव अधिकारकर्मी मित्रहरु, नागरिक समाजका मित्रहरु, गैरसरकारी संघ संस्थाका मित्रहरु लगायत सवैलाई म पुन एक पटक धन्वयाद दिन चाहन्छु ।  अन्त्यमा, आफ्नो व्यस्तताको बाबजुद अमूल्य समय दिई आजको यस समापन समारोहमा सरिक हुनु भएका आमन्त्रित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु ।

॥ धन्यवाद ॥

२०७५/८/२८